आर्थिक बर्ष : २०८०/८१
बैठक संख्या :१०

आज मिति २०८०/१०/२१ गतेका दिन विरुवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री दिपक ढुंगाना प्रशासन सहायक
श्री बालकृष्ण पौडेल कम्प्युटर अपरेटर
श्री सन्तोस पौडेल कार्यालय सहयोगी

CamScanner

(मिति २०८०/१०/२१)

<u>प्रस्ताव तथा निर्णयहरु</u>

<u>प्रस्ताव नं .१</u> गाउँकार्यपालिकाका हालसम्मका निर्णय कार्यान्वियन र सेवा प्रवाह सम्बन्धमा छलफल।
<u>निर्णय नं. १</u>

विरुवा गाउँकार्यपालिकाका हालसम्मका निर्णयहरु कार्यान्वयनको अवश्था र गाउँपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट भईरहेको सेवा प्रवाहको समिक्षा गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी र सहज बनाउन आवश्यक भूमिका निर्बाह गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं .२</u> आ.व. २०८१/८२ को लागि संघीय समपुरक र विशेष योजना सिफारिस सम्बन्धमा।
<u>निर्णय नं. २</u>

आ.ब. २०८१/८२ का लागि यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु संघीय सरकारको समपुरक तथा विषेश अनुदानको लागि सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

<u>समपुरक अनुदान तर्फ</u>

क) बेलघारी मेथाभुरुङ्ग सपाउँदे सडक विरुवा -७ र ८ (क्रमागत)
ख) विरुवा ललाङ तर्ले कुसुमभञ्याङ सडक विरुवा -७ र ८
ग) विरुवा बाहुँ भन्ज्याङ्ग सडक विरुवा-४

<u>विशेष अनुदान तर्फ</u>

क) राङभाङ स्वास्थ्य चौकी विरुवा- ३ (क्रमागत)
ख) वृहत विरुवा खानेपानी आयोजना
ग) वौरेपँधेरा फाँट सिँचाई योजना विरुवा -८

<u>प्रस्ताव नं .३</u> आ.व. २०८१/८२ को लागि प्रदेश समपुरक र विशेष योजना सिफारिस सम्बन्धमा।
<u>निर्णय नं. ३</u>

आ.ब. २०८१/८२ का लागि यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु प्रदेश सरकारको समपुरक तथा विषेश अनुदानको लागि सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

<u>समपुरक अनुदान तर्फ</u>

क) भुवान चिन्नेवास राम्कीथुम्की सडक
ख) मेथाभुरुङ भासेपोखरी कुसुमभन्ज्याङ सडक
ग) रहखोला मिलनचोक बगरीबोट सडक

<u>विशेष अनुदान तर्फ</u>

CS CamScanner

क) सामुदायिक स्वास्थ्य पूर्वाधार कार्यक्रम
ख) रैथानेवाली प्रवर्द्धन कार्यक्रम
ग) बास्ताराखोला म्याङखोला ज्यागदीखोला तटबन्धन

**प्रस्ताव नं .४** विरुवा गाउँपालिका ३ नं. वडा कार्यालय निर्माणका लागि जग्गा व्यवस्थापन गर्न जग्गा प्राप्ती अधिकारी तोक्नका लागि सिफारिस सम्बन्धमा।

**निर्णय नं. ४**

विरुवा गाउँपालिका वडा नं. ३ खाली स्थित वडा कार्यालय भवन निर्माण प्रयोजनार्थ जग्गा व्यवस्थापन गर्नका लागि विरुवा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री भेषराज आचार्यलाई जग्गा प्राप्ती अधिकारी तोकिदिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं .५** संस्था दर्ता कार्यविधि, २०८० माथी छलफल सम्बन्धमा।

**निर्णय नं. ५**

विरुवा गाउँपालिको संस्था दर्ता कार्यविधि, २०८० माथी छलफल गरी सर्वसहमतीले स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.** विविध ।

**निर्णय नं. ६**

(क) विरुवा गाउँपालिकाभित्रका सामूदायिक वन उपभोक्ता समितिहरुलाई गाउँपालिका कार्यालयमा सूचीकृत गर्ने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

(ख) विरुवा गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत शशर्त अनुदानमा समावेश फलफुल क्षेत्र विस्तार कार्यक्रम कार्यान्वयनका लागि लाभग्राही छनौट लगायत अन्य प्रक्रियाको सहजीकरणका लागि तपसिल सदस्य रहने गरी एक समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :

संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : योजना शाखा प्रमुख

सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य सचिब : कृषि शाखा प्रमुख

(ग) विरुवा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गाउँपालिका स्तरीय फुटकर योजना बजेट शीर्षकबाट तपसिल योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो ।

<u>तपसिल :</u>

| क्र.स. | योजनाको नाम/विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | सप्तरंगी युवा क्लव खेलमैदान स्टेज निर्माण | ६०,०००।- | |

CamScanner